# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६५।६६ को पहिलो चार महिनासम्मको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

१. आर्थिक वर्ष २०६५/६६ को पहिलो चार महिनासम्ममा विस्तृत मुद्राप्रदाय ६.८ प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ७.३ प्रतिशतले बढेको थियो। मौद्रिक क्षेत्रको खुद बैदेशिक सम्पत्ति अघिल्लो वर्षको तुलनामा उल्लेखनीय रुपले बढे पनि नेपाल सरकारमाथिको खुद दावी अघिल्लो वर्ष ४.७ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा ५.८ प्रतिशतले घटेको र गैर-मौद्रिक दायित्व बढेकोले विस्तृत मुद्राप्रदाय अघिल्लो वर्षको तुलनामा कम दरले बढेको हो।

२. संकुचित मुद्राप्रदाय भने अघिल्लो वर्ष ३.७ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ३.१ प्रतिशतले बढेको छ। चलनचल्तिमा रहेको मुद्रा समीक्षा अवधिमा १०.९ प्रतिशतले बढेपनि माग निक्षेप बढी दरले घटेकोले संकुचित मुद्राप्रदाय अघिल्लो वर्षको तुलनामा कम दरले बढेको हो। आवधिक निक्षेपको वृद्धिदर समीक्षा अवधिमा ८.५ प्रतिशत रहेको छ। अघिल्लो वर्ष उक्त निक्षेप ८.९ प्रतिशतले बढेको थियो।

३. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा नोक्सान समायोजित) रू ११ अर्ब ८६ करोडले (६.९ प्रतिशत) बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रू ३ अर्ब ६३ करोडले (२.८ प्रतिशत) घटेको थियो। समीक्षा अवधिमा विप्रेषण आप्रवाह अत्यधिक बढ्नुको अतिरिक्त वैदेशिक सहयोग आप्रवाह पनि बढेकोले खुद वैदेशिक सम्पत्ति बढेको हो।

### कुल आन्तरिक कर्जा

४. आर्थिक वर्ष २०६५/६६ को पहिलो चार महिनासम्ममा आन्तरिक कर्जा ६.५ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष उक्त कर्जा ८.१ प्रतिशतले बढेको थियो। नेपाल सरकारको साधन परिचालनको तुलनामा खर्चमा कमी आएकोले नेपाल सरकारको नेपाल राष्ट्र बैंकसँग रू ६ अर्ब २८ करोड नगद बचत कायम रहेको छ। उच्च नगद बचत र बैकिङ्ग क्षेत्रबाट लिएको ऋणको केही अंश भुक्तानी गरिएकोले मौद्रिक क्षेत्रको नेपाल सरकारमाथिको खुद दावी ५.८ प्रतिशतले घटेको हुँदा कुल आन्तरिक कर्जाको वृद्धिदरमा कमी आएको हो।

५. निजी क्षेत्रतर्फको कर्जा प्रवाहको वृद्धिदर अघिल्लो वर्ष ८.३ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ९.४ प्रतिशत रहेको छ। समीक्षा अवधिमा निजी क्षेत्रतर्फ कृषि क्षेत्र, परिवहन साधन उपकरण उत्पादन तथा फिटिङ्गस, थोक तथा खुद्रा व्यापार र उपभोग क्षेत्रतर्फको कर्जामा विस्तार आएको छ। यसका साथै, वाणिज्य बैंकहरूले वित्त कम्पनी तथा अन्य वित्तीय संस्थाहरूमा अल्पकालीन कर्जा प्रवाह बढाएकाले गैर-सरकारी वित्तीय संस्थाहरूमाथिको दावी पनि बढेको छ।

६. समीक्षा अवधिमा गैर-वित्तीय सरकारी संस्थाहरूमाथिको दावी १४.९ प्रतिशत अर्थात् रू ८४ करोड ३७ लाखले बढेको छ । अघिल्लो वर्ष उक्त दावी ९.६ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा जनकपुर चुरोट कारखाना लिमिटेड, नेपाल आयल निगम, नेपाल वायु सेवा निगम, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड र नेपाल विद्युत प्राधिकरणले बैकिङ्ग क्षेत्रबाट थप कर्जा उपयोग गरेकोले उक्त संस्थाहरूमाथिको दावी समीक्षा अवधिमा बढेको हो ।

## वाणिज्य बैंकहरूको बचत परिचालन तथा कर्जा प्रवाहको स्थिति

७. आर्थिक वर्ष २०६५/६६ को पहिलो चार महिनामा वाणिज्य बैंकहरूको कुल बचत परिचालन रू २६ अर्ब ८७ करोडले (६.४ प्रतिशत) बढी कार्तिक मसान्तमा रू ४४८ अर्ब ३९ करोड पुगेको छ। अघिल्लो वर्ष वाणिज्य बैंकहरूको कुल निक्षेप परिचालन २३ अर्ब ४५ करोडले (७.० प्रतिशत) बढेको थियो । विप्रेषण आप्रवाहको वृद्धिदर उच्च रहेपनि चलनचल्तीमा रहेको मुद्रा बढेको र नेपाल सरकारको खर्चको तुलनामा राजस्व परिचालन उच्च रहेकोले कुल बचत परिचालन कम दरले बढेको हो । समीक्षा अवधिमा बचत निक्षेप १०.७ प्रतिशत र मुद्दती निक्षेप ६.१ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष उक्त निक्षेपहरूको विस्तार क्रमश: ७.४ प्रतिशत र ९.२ प्रतिशत रहेको थियो ।

८. समीक्षा अवधिमा वाणिज्य बैंकहरूबाट निजी क्षेत्रतर्फको कर्जा प्रवाह रू ३२ अर्ब ६५ करोड (९.७ प्रतिशत) ले बढेको छ। अघिल्लो वर्ष उक्त क्षेत्रतर्फको कर्जा २३ अर्ब ७६ करोडले (९.० प्रतिशत) बढेको थियो । निजी क्षेत्रतर्फ प्रवाहित कर्जामा कृषि क्षेत्र, उत्पादनतर्फको फलाम तथा स्टिलजन्य उद्योग, परिवहन साधन उपकरण, थोक तथा खुद्रा व्यापार, घरजग्गा कारोवार, सेवा क्षेत्र र उपभोगतर्फको कर्जा उच्च रहेको छ। समीक्षा अवधिमा उत्पादन क्षेत्रतर्फ प्रवाहित कर्जा भने अघिल्लो वर्षको अवधिमा भन्दा कम दरले बढेको छ। निक्षेप परिचालनको तुलनामा कर्जा प्रवाहको विस्तार उच्च रहेकोले समीक्षा अवधिमा कर्जा-निक्षेप अनुपात २०६५ असार मसान्तको ८२.६ प्रतिशतबाट बढी असोज मसान्तमा ८५.३ प्रतिशत पुगेको छ ।

९. वाणिज्य बैंकहरूको तरल कोष अघिल्लो वर्ष २.१ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा १२.१ प्रतिशतले बढेको छ। उच्च विप्रेषण एवम् सरकारलाई प्राप्त हुने वैदेशिक सहयोग (अनुदान एवम् ऋण) आप्रवाहको स्थितिले गर्दा तरल कोषको विस्तार उच्च रहन गएको हो । तरल कोषका अंशहरूमध्ये नेपाल राष्ट्र बैंकसँग रहेको मौज्दात १५.३ प्रतिशतले बढेको छ। चालू वर्षको मौद्रिक नीतिमा अनिवार्य नगद अनुपात बढाइएकोले वाणिज्य बैंकहरूको नेपाल राष्ट्र बैंक सँगको मौज्दात बढेको हो । अघिल्लो वर्ष उक्त मौज्दात १३.१ प्रतिशतले घटेको थियो। त्यसैगरी, वाणिज्य बैंकहरूको विदेशमा रहेको मौज्दात १४.७ प्रतिशतले बढी कार्तिक मसान्तमा रू ४७ अर्ब १४ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त मौज्दात ५.६ प्रतिशतले बढी ४१ अर्ब १० करोड पुगेको थियो ।

## तरलता व्यवस्थापन

१०. आर्थिक वर्ष २०६५/६६ को पहिलो चार महिनासम्मा खुला बजार कारोवारमार्फत् रू ११ अर्ब २ करोड बराबरको खुद तरलता प्रशोचन भएको छ। उक्त प्रशोचित तरलता मध्ये रू ५ अर्ब ५० करोड तरलता सोझै विक्री बोलकबोल र रू ५ अर्ब ५२ करोड तरलता रिभर्स रिपो

बोलकबोलमार्फत प्रशोचन भएको छ। अघिल्लो वर्षको यसै अवधिमा प्रशोचन भएको कुल रू ६ अर्ब ७ करोड तरलता मध्ये रू ५० करोड बिक्री बोलकबोल र ५ अर्ब ५७ करोड रिभर्स बोलकबोलमार्फत प्रशोचन भएको थियो। अघिल्लो वर्ष जस्तै समीक्षा अवधिमा पनि खुला बजार कारोवारका उपकरणहरूमार्फत् तरलता प्रवाह भने भएको छैन।

११. अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकको विदेशी विनिमय बजारमा हस्तक्षेपमार्फत् प्रवाह हुने तरलता उच्च रहेको छ। समीक्षा अवधिमा अमेरिकी डलर ५६ करोड ९६ लाख वाणिज्य बैंकहरूबाट खुद खरीद गरी रू ४२ अर्ब २० करोड बराबरको खुद तरलता प्रवाह भएको छ। अघिल्लो वर्षको यसै अवधिमा नेपाल राष्ट्र बैंकले वाणिज्य बैंकहरूबाट अमेरिकी डलर ३२ करोड १५ लाख खुद खरीद गरी रू २० अर्ब ६३ करोड बराबरको खुद तरलता प्रवाह गरेको थियो। समीक्षा अवधिमा मुख्य गरेर विप्रेषण आप्रवाहको वृद्धि उच्च रहेकोले विदेशी विनिमय वजारमाथिको खरीद हस्तक्षेप उच्च रहन गएको हो।

१२. समीक्षा अवधिमा अमेरिकी डलर ४९ करोड बिक्री गरी २२ अर्ब ५३ करोड भा.रू. खरीद भएको छ। अघिल्लो वर्षको यसै अवधिमा अमेरिकी डलर ४२ करोड बिक्री गरी १६ अर्ब ७९ करोड भा.रू. खरीद भएको थियो। अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा नेपाल आयल निगमले भारतीय आयल निगमलाई उच्च भुक्तानी गरेको कारणले भारतीय मुद्रा खरीद गर्न बढी अमेरिकी डलर बिक्री गरिएको हो।

### स्थायी तरलता सुविधा र अन्तर बैंक कारोवार

१३. आर्थिक वर्ष २०६५/६६ को पहिलो चार महिनासम्ममा वाणिज्य बैंकहरूले स्थायी तरलता सुविधा अन्तर्गत कुल रू ३२ अर्ब २० करोड उपयोग गरेका छन्। अघिल्लो वर्षको यसै अवधिमा वाणिज्य बैंकहरूले कुल रू २६ अर्ब ८८ करोड बराबरको स्थायी तरलता सुविधा उपयोग गरेका थिए। त्यस्तै, समीक्षा अवधिमा वाणिज्य बैंकहरूबीचको अन्तर बैंक कारोवार कुल रू १०५ अर्ब १४ करोड रहेको छ। अघिल्लो वर्षको यसै अवधिमा कुल रू १२३ अर्ब ३४ करोड बराबरको अन्तर बैंक कारोवार भएको थियो। वाणिज्य बैंकहरूसँग यथेष्ट तरलता रहेकोले अन्तरबैंक कारोवारमा केही कमी आएको हो।

### अल्पकालीन व्याजदर

१४. आर्थिक वर्ष २०६५/६६ को कार्तिक महिनामा ९१ दिने ट्रेजरी विल्सको मासिक भारित औसत व्याजदर ५.५५ प्रतिशत रह्यो। अघिल्लो वर्षको यसै महिनामा सो ऋणपत्रको मासिक भारित औसत व्याजदर ३.०३ प्रतिशत रहेको थियो। अघिल्लो वर्ष भारित औसत मासिक अन्तर बैंक व्याजदर ३.७३ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ५.३४ प्रतिशत पुगेको छ। अघिल्लो वर्षको तुलनामा समीक्षा अवधिमा दोस्रो बजारबाट बढी तरलता प्रशोचन गरिएकोले त्यसको प्रभाव अल्पकालीन बजार व्याजदरमा देखिएको हो।

## धितोपत्र बजार

१५. वार्षिक विन्दुगत आधारमा नेप्से सूचकाङ्क ११.८ प्रतिशतले घटेर २०६५ कार्तिक मसान्तमा ८०६.९० विन्दुमा पुगेको छ। यो सूचकाङ्क २०६४ कार्तिक मसान्तमा ९१५.३८ थियो।

२०६३ असार मसान्तलाई आधार मानी गणना गरिएको नेप्से सेन्सिटिभ सूचकाङ्क २०६५ कार्तिक मसान्तमा २१०.३१ रहेको छ। यो सूचकाङ्क २०६५ असोज मसान्तमा २५६.०१ रहेको थियो।

१६. नेपाल स्टक एक्सचेन्ज लिमिटेडले २०६५ भदौ ८ गतेको अन्तिम कारोवारलाई वजार मूल्यको आधारको रुपमा लिई गणना गरिएको NEPSE Float Index २०६५ कार्तिक मसान्तमा ७६.८८ रहेको छ।

१७. २०६५ कार्तिक मसान्तमा बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा ४९.१ प्रतिशतले वृद्धि भई रु.४२८ अर्ब ६९ करोड पुगेको छ। परिणामस्वरुप २०६५ कार्तिक मसान्तमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ४५.४ प्रतिशत रहेको छ। २०६४ कार्तिक मसान्तमा यस्तो अनुपात ३५.० प्रतिशत रहेको थियो। सूचीकृत कम्पनीहरुको वजार पूँजीकरणमा विगतमा झैं बैंक तथा वित्तीय संस्थाहरुले सबैभन्दा ठूलो हिस्सा ओगटेका छन्। जसअनुसार बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरुको ६९.२ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको १.८ प्रतिशत, होटलहरुको १.१ प्रतिशत, व्यापारिक संस्थाहरुको ०.३ प्रतिशत, जलविद्युतको ४.८ प्रतिशत र अन्यको २२.८ प्रतिशत अंश रहेको छ।

१८. सूचीकृत कम्पनीहरुको चुक्ता पूँजीको वार्षिक वृद्धि ९५.६० प्रतिशत रही २०६५ कार्तिक मसान्तमा रु.४६ अर्ब ६२ करोड पुगेको छ। नेपाल स्टक एक्सचेन्ज लि. मा थप धितोपत्रहरु सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो। यस आर्थिक वर्षको कार्तिक मसान्तसम्ममा रु. ५५ करोड ६३ लाख बोनस शेयर, रु. २ अर्व २५ करोड ७९ लाख हकप्रद शेयर, रु. १५ अर्व ४८ करोड साधारण शेयर र रु. २ अर्व ६५ करोड बराबरको ऋणपत्र (Bond) गरी जम्मा रु. २० अर्ब ९४ करोड ४२ लाख बराबरको धितोपत्र रकम सूचीकृत भएको छ। उक्त वृद्धि रकम मध्ये सबभन्दा ठूलो हिस्सा साधारण शेयरको ७३.९१ प्रतिशत रहेको छ। नेपाल टेलिकमको रु. १५ अर्ब बराबरको शेयर सूचीकृत भएको कारण साधारण शेयरको अंशमा वृद्धि देखिएको हो।

१९. २०६५ कार्तिक मसान्तमा मासिक कारोवारको वजार पूँजीकरणसँगको अनुपात (Turnover Ratio) ०.६१ प्रतिशत रहेको छ। यस्तो अनुपात २०६४ कार्तिक मसान्तमा ०.३४ प्रतिशत थियो।

२०. २०६५ कार्तिक मसान्तमा नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत भएका कम्पनीहरुको संख्या १४४ रहेको छ। २०६४ कार्तिक मसान्तमा यो संख्या १४१ रहेको थियो। हाल सूचीकृत कम्पनीहरुमध्ये ११३ वटा वित्तीय संस्था (बिमा कम्पनी समेत), १८ वटा उत्पादन र प्रशोधन गर्ने उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था ३ वटा जल विद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन्।

२१. शेयरबजारको उतारचढाव (Volatility) मापन गर्नका लागि प्रयोग गरिने १२ महिनाको Rolling Standard Deviation २०६४ कार्तिक मसान्तमा १५५.२ रहेकोमा २०६५ कार्तिक मसान्तमा ११५.९ पुगेको छ।

## उपभोक्ता मुद्रास्फीति

२२. आर्थिक वर्ष २०६५।६६ को पहिलो चार महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति १४.५ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको यसै अवधिमा यस्तो मुद्रास्फीति ६.३ प्रतिशत रहेको थियो। खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क १७.० प्रतिशतले र गैरखाद्य तथा सेवा समूह ११.७ प्रतिशतले वृद्धि भएको कारण समग्र उपभोक्ता मुद्रास्फीति दर अघिल्लो वर्षको भन्दा समीक्षा अवधिमा अधिक रहेको छ। अघिल्लो वर्ष यी समूहहरुको मूल्य वृद्धि क्रमशः ८.४ प्रतिशत र ४.१ प्रतिशत रहेको थियो।

२३. २०६५ कार्तिकमा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये चिनी तथा चिनीजन्य वस्तुको मूल्य वृद्धि सबैभन्दा बढी ३७.६ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस उपसमूहको मूल्यमा १८.० प्रतिशले ह्रास आएको थियो। यसैगरी खाने घ्यू तथा तेलको मूल्य ३१.६ प्रतिशतले वृद्धि भएको छ। २०६४ कार्तिकमा यस उपसमूहको मूल्यवृद्धि १४.८ प्रतिशत रहेको थियो। साथै, खाद्यान्न उपसमूहको वार्षिक बिन्दुगत मूल्य वृद्धि १९.१ प्रतिशत रहेको छ। २०६४ कार्तिकमा यस उपसमूहको वार्षिक बिन्दुगत मूल्य वृद्धि ११.४ प्रतिशत रहेको थियो। यस उपसमूहमा पर्ने चामल तथा चामलजन्य वस्तुहरुको वार्षिक बिन्दुगत मूल्य वृद्धि २२.३ प्रतिशत रहेको छ। २०६४ कार्तिकमा चामल तथा चामलजन्य वस्तुहरुको वार्षिक बिन्दुगत मूल्य वृद्धि १३.० प्रतिशत रहेको थियो। यसैगरी दलहन, रेष्टुरेन्ट खाना, माछामासु तथा फुल, दूध तथा दुग्ध पदार्थ, पेय पदार्थ र मरमसला उपसमूहहरुको वार्षिक बिन्दुगत मूल्य वृद्धि क्रमशः २६.० प्रतिशत, २२.२ प्रतिशत, २०.१ प्रतिशत, १७.१ प्रतिशत, १२.५ प्रतिशत र ११.५ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यी उपसमूहहरुको वार्षिक बिन्दुगत मूल्य वृद्धि क्रमशः १४.१ प्रतिशत, ४.५ प्रतिशत, ७.० प्रतिशत, ५.८ प्रतिशत, ०.७ प्रतिशत र ३.३ प्रतिशत रहेको थियो। २०६४ कार्तिकमा ९.६ प्रतिशतले वृद्धि भएको फलफूल तथा तरकारीको मूल्यमा भने समीक्षा अवधिमा ०.९ प्रतिशतले ह्रास आएको छ।

२४. २०६५ कार्तिकमा गैर-खाद्यवस्तु तथा सेवा समूहका वस्तुहरुमध्ये यातायात तथा सञ्चार उपसमूहको वार्षिक बिन्दुगत मूल्य वृद्धि २२.० प्रतिशत रहेको थियो। अघिल्लो वर्ष यस उपसमूहको मूल्य सूचकाङ्कमा परिवर्तन आएको थिएन। यसै गरी घरायसी वस्तु तथा सेवाको १५.२ प्रतिशत र सूर्ती तथा सूर्तीजन्य वस्तुको १५.१ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो मूल्य वृद्धि क्रमशः ५.४ प्रतिशत र ७.५ प्रतिशत रहेको थियो।

२५. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा काठमाडौंमा सबैभन्दा बढी १६.८ प्रतिशत मूल्य वृद्धि भएको छ भने पहाडमा १४.२ प्रतिशत र तराईमा १३.३ प्रतिशत रहेको छ। अघिल्लो वर्षको यसै अवधिमा यस्तो वृद्धिदर क्रमशः ६.१ प्रतिशत, ५.७ प्रतिशत र ६.६ प्रतिशत रहेको थियो।

२६. २०६५ कार्तिकमा वार्षिक बिन्दुगत अन्तर्निहित मुद्रास्फीति (Core Inflation) १३.५ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त मुद्रास्फीति ४.९ प्रतिशत रहेको थियो।

## थोक मुद्रास्फीति

२७. राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वार्षिक बिन्दुगत वृद्धिदर २०६४ कार्तिकमा ७.२ प्रतिशत रहेकोमा २०६५ कार्तिकमा ९.२ प्रतिशत रहेको छ । समीक्षा अवधिमा थोक मूल्य अन्तर्गतका आयातीत वस्तु, स्वदेशी उत्पादित वस्तु र कृषिजन्य वस्तुहरुको मूल्य क्रमश. १७.५ प्रतिशत, १३.४ प्रतिशत र २.७ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको मूल्य क्रमशः ६.३ प्रतिशत, ५.२ प्रतिशत र ८.५ प्रतिशतले वृद्धि भएको थियो ।

२८. २०६५ कार्तिकमा कृषिजन्य वस्तुहरुमध्ये दलहनको वार्षिक बिन्दुगत मूल्य वृद्धि २४.९ प्रतिशत र पशुजन्य आहार २२.२ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको मूल्य वृद्धि क्रमशः ११.२ प्रतिशत र ४.६ रहेको थियो। २०६४ कार्तिकमा नगदेवालीको मूल्य १.५ प्रतिशतले ह्रास भएकोमा समीक्षा अवधिमा २३.३ प्रतिशतले ह्रास भएको छ ।

२९. २०६५ कार्तिकमा स्वदेशमा उत्पादित वस्तुहरुमध्ये खाद्यजन्य वस्तु, पेय तथा सूर्तीजन्य वस्तु र निर्माण सामग्रीको मूल्य क्रमशः २०.२ प्रतिशत, १२.४ प्रतिशत र १०.७ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्ष यस्तो वृद्धि क्रमशः १.८ प्रतिशत, ४.९ प्रतिशत र ११.९ प्रतिशत रहेको थियो ।

३०. आयातीत वस्तुहरुमध्ये २०६५ कार्तिकमा पेट्रोलियम पदार्थ तथा कोइलाको मूल्य सबैभन्दा बढी २५.० प्रतिशतले वृद्धि भएको छ। गत वर्षको सोही अवधिमा यस्तो मूल्य वृद्धि ६.७ प्रतिशत रहेको थियो। यसैगरी, २०६५ कार्तिकमा यातायात तथा मेशिनरी वस्तुहरु र कपडाको वार्षिक बिन्दुगत मूल्य वृद्धि क्रमशः २२.४ प्रतिशत र १३.७ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको वार्षिक बिन्दुगत मूल्य वृद्धि क्रमशः ४.६ प्रतिशत र २.४ प्रतिशत रहेको थियो ।

## राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

३१. २०६५ कार्तिक महिनामा वार्षिक बिन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क १०.० प्रतिशतले वृद्धि भएको छ। २०६४ कार्तिकमा सो सूचकाङ्क १०.१ प्रतिशतले बढेको थियो। तलब तथा ज्यालादर सूचकाङ्कमध्ये तलब उपसूचकाङ्क समीक्षा अवधिमा स्थिर रहेको छ। यस्तो सूचकाङ्क अघिल्लो वर्षको यसै अवधिमा १०.९ प्रतिशतले बढेको थियो। ज्यालादर सूचकाङ्क समीक्षा अवधिमा १३.३ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको यसै अवधिमा यो सूचकाङ्क ९.९ प्रतिशतले बेढेको थियो। २०६५ कार्तिकमा ज्यालादर अन्तर्गत कृषि मजदुर, औद्योगिक मजदुर र निर्माण मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः २०.२ प्रतिशत, २.५ प्रतिशत र १५.२, प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्ष यस्तो सूचकाङ्क क्रमशः ६.८ प्रतिशत, १४.६ प्रतिशत र १०.३ प्रतिशतले वृद्धि भएको थियो ।

# सरकारी वित्त स्थिति

## सरकारी बजेट घाटा/बचत स्थिति

३२. आर्थिक वर्ष २०६५/६६ को पहिलो चार महिनासम्ममा नगद प्रवाहमा आधारित सरकारी बजेट रु १ अर्व २६ करोडले बचतमा रहेको छ। अघिल्लो वर्ष सरकारी बजेट रु.७ अर्व ४१ करोडले घाटामा रहेको थियो। समीक्षा अवधिमा सरकारको राजस्व र वैदेशिक अनुदानमा उल्लेख्य वृद्धि भएको कारण सरकारको बजेट बचतमा रहेको हो।

## सरकारी खर्च

३३. आर्थिक वर्ष २०६५/६६ को पहिलो चार महिनासम्ममा नगद प्रवाहमा आधारित कुल सरकारी खर्चमा ७.३ प्रतिशतले वृद्धि भई रु.३७ अर्व ७ करोड पुगेको छ। अघिल्लो वर्षको यसै अवधिमा सरकारी खर्च ३४.५ प्रतिशतले बढेको थियो। चालू तथा पूँजीगत दुवै खर्चमा कमी आएकोले समीक्षा अवधिमा कुल सरकारी खचको वृद्धिदरमा अघिल्लो वर्षको तुलनामा कमी आएको हो।

३४. समीक्षा अवधिमा नेपाल सरकारको चालू खर्च २.५ प्रतिशतले घटी २०६५ कात्तिक मसान्तमा रु.२३ अर्व ८१ करोडमा झरेको छ। अघिल्लो वर्ष सोही अवधिमा चालू खर्च २६.१ प्रतिशतले बढेको थियो। अघिल्लो वर्षको यो अवधिमा मुलुकमा २०६४ मंसीर महिनामा हुने भनिएको संविधान सभाको निर्वाचन तयारीका लागि उल्लेख्य रकम खर्च भएको सन्दर्भमा यो वर्ष त्यस्तो रकम खर्च नभएको कारण समीक्षा अवधिमा चालू खर्च घटेको हो।

३५. समीक्षा अवधिमा नेपाल सरकारको पूँजीगत खर्च १७.५ प्रतिशतले घटी रु.२ अर्व ७७ करोडमा झरेको छ। अघिल्लो वर्ष पूँजीगत खर्चमा ८५.५ प्रतिशतले वृद्धि भएको थियो।

३६. आर्थिक वर्ष २०६५/६६ को पहिलो चार महिनासम्ममा साँवा भुक्तानी खर्च २६.७ प्रतिशतले बढी रु.५अर्व ५७ करोड पुगेको छ। आन्तरिक ऋणअन्तर्गत ट्रेजरी विलवापत् रु.२ अर्व ८४ करोड भुक्तानी भएको कारण समीक्षा अवधिमा साँवा भुक्तानी खर्च बढेको हो।

## सरकारी राजस्व

३७. आर्थिक वर्ष २०६५/६६ को पहिलो चार महिनासम्ममा नेपाल सरकारको राजस्व परिचालन ३५.४ प्रतिशतले वृद्धि भई रु.३२ अर्व ९८ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा राजस्व १३.२ प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर, भन्सार राजस्व, आयकर, रजिष्ट्रेशन शुल्कवापत प्राप्त हुने राजस्वलगायत गैरकर राजस्व समेतको वृद्धिदरमा विस्तार आएकोले समीक्षा अवधिमा राजस्वको वृद्धिदर उच्च रहेको हो।

३८. समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर राजस्व ३१.२ प्रतिशतले वृद्धि भई रू. १२ अर्ब ३ करोड पुगेको छ। अघिल्लो वर्षको यसै अवधिमा सो वृद्धिदर १३.४ प्रतिशत रहेको थियो। विप्रेषण आयमा भएको वृद्धिसँगै बढ्दो आयात तथा उपभोगमा भएको वृद्धि र मूल्य अभिवृद्धि कर प्रशासनमा भएका सुधारहरुको कारण समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर राजस्वको वृद्धिदर उच्च रहेको हो।

३९. आर्थिक वर्ष २०६५/६६ को पहिलो चार महिनासम्ममा नेपाल सरकारको भन्सार महसूलबाट प्राप्त हुने राजस्व २२.७ प्रतिशतले वृद्धि भई रू. ७ अर्ब २२ करोड पुगेको छ। अघिल्लो वर्ष सो राजस्व ९.४ प्रतिशतले मात्र वृद्धि भएको थियो। भन्सार प्रशासनमा गरिएका सुधारहरु र उच्च भन्सार दर लाग्ने सवारी साधनहरू तथा पार्टपुर्जाको आयातमा वृद्धिका कारण भन्सार राजस्वको वृद्धिदर उच्च रहेको हो।

४०. समीक्षा अवधिमा अन्तःशुल्क राजस्व ३२.४ प्रतिशतले वृद्धि भई रू. ४ अर्ब १५ करोड पुगेको छ। अघिल्लो वर्ष पनि सो राजस्व ३२.३ प्रतिशतले वृद्धि भएको थियो। अन्तःशुल्क प्रशासनमा गरिएका सुधारहरु र उच्च अन्तःशुल्क लाग्ने हल्का सवारी साधनहरुको आयातमा उल्लेख्य वृद्धि भएको कारण समीक्षा अवधिमा अन्तःशुल्क राजस्व बढेको हो।

४१. समीक्षा अवधिमा सरकारको आयकर राजस्व २५.९ प्रतिशतले वृद्धि भई रू. ३ अर्ब ६८ करोड पुगेको छ। अघिल्लो वर्ष सो राजस्व १५.४ प्रतिशतले मात्र वृद्धि भएको थियो। बैंक तथा वित्तीय संस्थाहरुको वृद्धिसँगै अर्थतन्त्रमा कर्पोरेट संस्कृतिमा विस्तार आएकोले समीक्षा अवधिमा आयकर राजस्वको वृद्धिदर उच्च रहेको हो।

४२. आर्थिक वर्ष २०६५/६६ को पहिलो चार महिनासम्ममा सरकारको गैरकर राजस्व ७३.९ प्रतिशतले वृद्धि भई रु.३ अर्ब ४० करोड पुगेको छ। अघिल्लो वर्ष गैरकर राजस्व १२.० प्रतिशतले घटेको थियो। नेपाल राष्ट्र बैंकबाट सरकारलाई लाभांश बापत् रु.१ अर्ब भुक्तानी भएको, नेपाल टेलिकमबाट पनि सरकारलाई उल्लेख्य लाभांश प्राप्त भएको कारणले समीक्षा अवधिमा गैरकर राजस्वको वृद्धिदर उच्च रहेको हो।

### वैदेशिक नगद ऋण र अनुदान

४३. आर्थिक वर्ष २०६५/६६ को पहिलो चार महिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद ऋणवापत् रु १ अर्व २० करोड र वैदेशिक नगद अनुदानवापत् रु.३ अर्व ४४ करोड प्राप्त भएको छ। अघिल्लो वर्ष ती शीर्षकहरुमा क्रमशः रु.१अर्व ३८ करोड र रु.२ अर्व २६ करोड प्राप्त भएको थियो।

४४. समीक्षा अवधिमा नेपाल सरकारले आन्तरिक ऋण परिचालन गरेको छैन।

## वैदेशिक व्यापार

४५. आर्थिक वर्ष २०६५/६६ को पहिलो चार महिनासम्ममा कुल निर्यात ३९.९ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल निर्यात ३.३ प्रतिशतले घटेको थियो। कुल निर्यातमध्ये भारततर्फको निर्यात २४.४ प्रतिशतले बढेको छ भने अन्य मुलुकतर्फको निर्यात ७०.८ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष भारततर्फको निर्यात ७.४ प्रतिशतले घटेको थियो भने अन्य मुलुकतर्फको निर्यात ६.२ प्रतिशतले बढेको थियो।

४६. भारततर्फ मुख्यतया तयारी पोशाक, जुत्ता तथा चप्पल, जी.आई. पाइप, टुथपेष्ट तथा तामाको तारडण्डी एवं अन्य मुलुकतर्फ विशेष गरी दाल, ऊनी गलैंचा, पश्मिना, तयारी पोशाक र जडीबुटीको  निर्यातमा उल्लेख्य वृद्धि आएको कारण कुल निर्यात बढेको हो ।

४७. अघिल्लो वर्षको पहिलो चार महिनासम्ममा ६.३ प्रतिशतले बढेको कुल आयात आर्थिक वर्ष २०६५/६६ को सोही अवधिमा ३८.९ प्रतिशतले बढेको छ। कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्ष ८.९ प्रतिशतले बढेकोमा यस वर्ष २२.१ प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्ष २.३ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ६५.३ प्रतिशतले वृद्धि भएको छ।

४८. आर्थिक वर्ष २०६५/६६ को पहिलो चार महिनासम्ममा भारतबाट मुख्यतयाः पेट्रोलियम पदार्थ, सवारी साधन तथा पार्टपुर्जा, कोल्ड रोल्ड शीट इन्क्वाइल, हट रोल्ड शीट इन्क्वाइल र अन्य मेशिनरी तथा पार्टपुर्जा एवं अन्य मुलुकबाट विशेषगरी सुन, एम.एस विलेट, अन्य मेशिनरी तथा पार्टपुर्जा, विद्युतीय सामग्री र कम्प्युटर तथा पार्टपुर्जाको आयातमा उल्लेख्य वृद्धि भएको छ।

## शोधनान्तर

४९. आर्थिक वर्ष २०६५/६६ को पहिलो चार महिनासम्ममा समग्र शोधनान्तर स्थिति रु. ११ अर्व ८६ करोडले बचतमा रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा समग्र शोधनान्तर स्थिति रु. ३ अर्व ६३ करोडले घाटामा रहेको थियो। समीक्षा अवधिमा चालू खाता रु. ९ अर्व ५२ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालू खाता रु. ४ अर्व ४९ करोडले घाटामा रहेको थियो। खुद ट्रान्सफर आय ६२.५ प्रतिशतले बढेको कारण समीक्षा अवधिमा चालू खाता बचतमा रहेको हो। ट्रान्सफरअन्तर्गत समीक्षा अवधिमा विप्रेषण आप्रवाह ६५.९ प्रतिशतले वृद्धि भएको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २०.८ प्रतिशतले बढेको थियो।

## विदेशी विनिमय सञ्चिति

५०. २०६५ कार्तिक मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६५ असार मसान्तको तुलनामा ८.८ प्रतिशतले बढी रु. २३१ अर्व ३४ करोड पुगेको छ। आर्थिक वर्ष २०६४/६५ को सोही अवधिमा यस्तो सञ्चिति १.२ प्रतिशतले घटेको थियो। अमेरिकी डलरमा भने २०६५ असारदेखि कार्तिक मसान्तसम्ममा कुल सञ्चिति ५.३ प्रतिशतले घटी अमेरिकी डलर २ अर्व ९४ करोडमा सीमित हुन पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा कुल सञ्चिति अमेरिकी डलरमा गणना गर्दा १.६ प्रतिशतले बढेको थियो। आर्थिक वर्ष २०६५/६६ को पहिलो चार महिनाको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले ९.९ महिनाको वस्तु आयात र ८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

५१. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६४ कार्तिक मसान्तमा प्रति ब्यारल अमेरिकी डलर ९३.५३ रहेकोमा २०६५ कार्तिक मसान्तमा ३९.० प्रतिशतले घटी प्रति ब्यारल अमेरिकी डलर ५७.०४ रहेको छ। त्यसैगरी सुनको मूल्य २०६४ कार्तिक मसान्तको तुलनामा २०६५ कार्तिक मसान्तमा ५.३ प्रतिशतले घटी प्रति आउन्स अमेरिकी डलर ७८९.७५ बाट अमेरिकी डलर ७४७.५० मा झरेको छ।

५२. २०६५ असार मसान्तको तुलनामा २०६५ कार्तिक मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग १२.९६ प्रतिशतले न्यूनमूल्यन भएको छ। अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग २.८५ प्रतिशतले अधिमूल्यन भएको थियो। २०६५ असार मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ६८.५० रहेको थियो भने २०६५ कार्तिक मसान्तमा उक्त विनिमय दर रु. ७८.७० पुगेको छ।